फोन नं.:०१०-५४०२५२
इमेल: ddcrasuwa@gmail.com
वेबसाईट:ddcrasuwa.gov.np

# जिल्ला समन्वय समितिको कार्यालय

बागमती प्रदेश, नेपाल

**मौजुदा सूची दर्ता र अद्यावधिक गराउने बारेको सूचना ।**

**(प्रकाशन मितिः २०८३/०४/११ गते)**

यस कार्यालयलाई आ.व.२०८३/८४ मा आवश्यक पर्ने सामान तथा सेवा खरिद गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा (६) क तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (१८) मा भएको कानुनी व्यवस्थाबमोजिम निम्नबमोजिमका कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व.२०८१/८२ को व्यवसाय नविकरण प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, स्थायी लेखा नं. र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि सहित सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनुहुन अनुरोध छ।

साथै, आ.व.२०८२/८३ मा यस जिल्ला समन्वय समितिको कार्यालय, रसुवामा सूची दर्ता गरेका तथा आ.व.२०८३/८४ मा समेत सूची अद्यावधिक गर्न चाहने व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व.२०८१/८२ को करचुक्ता र व्यवसाथ नविकरण प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र नियमानुसार निवदेन दिनुहुन सम्वन्धित सबैमा जानकारी गराइन्छ।

<u>निम्नः-</u>

**सम्पादन गर्नुपर्ने कामको विवरण**

(क) मसलन्द छपाई तथा कार्यालय सरसामान आपूर्ति,

(ख) मेसिनरी औजार (कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन आदि) तथा इलेक्ट्रोनिक सामान आपूर्ति तथा मर्मत,

(ग) सवारी साधन (हाइलक्स, पिकअप भ्यान, मोटरसाइकल आदि) का पार्टपूर्जा तथा मर्मतसम्बन्धी कार्य,

(घ) कार्यालय भवन मर्मतसंभार तथा कार्यालयद्वारा निर्मित सार्वजनिक सम्पत्तिको मर्मतसम्बन्धी कार्य,

(ङ) पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनसम्बन्धी कार्य,

(च) रेडियो तथा टेलिभिजनबाट कार्यक्रम वा सूचना प्रशारणसम्बन्धी कार्य,

(छ) कार्यालय भवन रङ्गरोगनसम्बन्धी कार्य,

(ज) हार्डवेयरसम्बन्धी कार्य,

(झ) फर्निचर एवम् फिक्स्चर्स (लाइटिङ, प्लम्बीङ, किचन, आन्तरिक संरचना आदि) सम्बन्धी कार्य।

राजेन्द्रप्रसाद आचार्य
जिल्ला समन्वय अधिकारी